# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, माघ २२ गते २०३३ साल [ अतिरिक्ताङ्क ४२ (क)

### निर्वाचन आयोगको

### सूचना

स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ३० को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी यस आयोगले सोही ऐनको दफा ५ (१), १०, १३ र २७ (१) को प्रयोजनको लागि गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा, नगर पञ्चायत तथा नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्यको निर्वाचन सम्बन्धमा देहायको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

१. (क) गाउँ सभा, गाउँ पञ्चायतको मतदाताको नामावली निर्वाचन कार्यक्रमको साथ साथै गाउँ पञ्चायत कार्यालयमा सबैले देख्ने गरी प्रकाशित गरिनेछ । नगर सभाको हकमा मतदाता नामावली निर्वाचन कार्यक्रमको साथमा नगर वडा समितिको कार्यालयमा प्रकाशित गरिनेछ ।

(ख) नगर पन्चायतको सदस्य, प्रधान पञ्च र उप–प्रधान पञ्च तथा नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्यको निर्वाचनको मतदाता नामावली सम्बन्धित नगर पञ्चायत कार्यालयमा प्रकाशित गरिनेछ । निर्वाचन कार्य समाप्त नभएसम्मको प्रकाशित सूचनाहरू कसैले कुनै किसिमसंग नोक्सान गर्न र भ्रम हुने गर्न हुँदैन । यथावत रहिरहन दिनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. गाउँ सभा, गाउँ पञ्चायत र नगर सभा, नगर पञ्चायतको र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्य निर्वाचनमा उम्मेदवारको दरखास्तको जाँचबुझ भई सकी उम्मेदवारको नाम फिर्ता लिने र विरोध गर्ने म्याद समाप्त भए पछि कायम हुन आएका उम्मेदवारको सूची निम्नबमोजिमको ढाँचामा प्रकाशित गरिनेछ ।

उम्मेदवारको नाम प्रकाशन

... ... ... ... ... ... जिल्ला ... ... ... ... गाउँ । नगर । सभा । पञ्चायत र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्यको रिक्त भएको निम्नलिखित पदहरूमा निम्नलिखित व्यक्तिहरू उम्मेदवार कायम भएकोले सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | उम्मेदवारको नाम, थर (वर्णानुक्रमले र बडाक्रमले) | ठेगाना वडा नं. | उमेर | मर्दाना / जनाना | चिन्ह | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

स्थान :– ... ... ... ... ... (मतदान अधिकृतको सही)

मिति :– ... ... ... ... ...





द्रष्टव्य:– गाउँ तथा नगर पञ्चायतको प्र. पं., उप-प्र. प. र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्य पदको निर्वाचनमा चिन्ह रोजाउनु पर्ने छैन ।

३. (१) गाउँ तथा नगर सभा र पञ्चायतको सदस्यको पदको लागि मतपत्रको ढाँचा निम्नबमोजिमको हुनेछ । उम्मेदवारको संख्या बढी भई मतपत्रको चिन्ह अपर्याप्त भएमा निर्वाचन अधिकृतले आवश्यक संख्यामा निम्न अंकित मतपत्र तयार गर्न सक्नेछ । १CC

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# मत पत्र

(गा.स.स./न.स.स./– गा.पं.स./न.प.स.) पदको

| उम्मेदवारको चिह्न | मत संकेत कोठा | उम्मेदवारको चिह्न | मत संकेत कोठा |
|---|---|---|---|
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |

मतदान अधिकृतको सही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफूले रोजेको उम्मेदवारको चिन्हको दायाँपट्टिको [ ] कोठामा (.) यस्तो प्रकारको थोप्लो चिन्ह दिनुपर्छ।

जस्तै :- [ . ] यसरी थोप्ला चिन्ह लगाउंदा जुनसुकै कुनाभित्र लगाएको थोप्ला कोठाको रेखा छोए पनि सदर हुन्छ। जस्तैः- [ . ]

द्रष्टव्यः– उम्मेदवारले छानेको चिन्ह सबै मतदाताले देख्ने गरी निर्वाचन केन्द्रमा टाँसी दिनुपर्छ।

(२) नगर पञ्चायतको प्रधान तथा उप–प्रधान पञ्च पदको लागि हुने निर्वाचनमा रेजा चिन्हको प्रयोग हुने तलको नमूनाको मतपत्र प्रयोग हुनेछ। मतपत्रको नमूनामा जतिसुकै कोठा लेखिए तापनि निर्वाचन अधिकृतले आवश्यक संख्यामा कोठा कायम राखी कोठाको संख्या थपघट गर्न सक्नेछ।

## मतपत्र

गाउँ र नगर पञ्चायतको प्र.पं. । उप-प्र. पं. र न.पं. बाट हुने जि.स. पद पूर्तिको निर्वाचन

जिल्ला... ... ... ...को... ... ...गाउँ । नगर पञ्चायतबाट

| मत संकेत गर्ने कोठा | उम्मेदवारको नाम वर्णानुक्रमले |
|---|---|
| [ ] | श्री... ... ... ... ... |
| [ ] | श्री... ... ... ... ... |
| [ ] | श्री... ... ... ... ... |
| [ ] | श्री... ... ... ... ... |
| [ ] | श्री ... ... ... ... ... |
| [ ] | श्री ... ... ... ... ... |

५९०

......... ..................
(मतदान अधिकृतको सही)

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. गाउँ सभा, नगर सभा, गाउँ एवं नगर पञ्चायत सदस्य, प्रधान पञ्च, उप-प्रधान पञ्च र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्य पदको निर्वाचनमा उम्मेदवारपिच्छे छुट्टा छुट्टै मतपेटिका नराखी एउटै मतपेटिका राखिनेछ ।

आज्ञाले–
थीरबहादुर रायमाझी
सचिव, निर्वाचन आयोग

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।